# सोरु गाउँपालिकाको स्थानीय स्वास्थ्य तथा सरसफाई ऐन, २०७७
## सोरु गाउँपालिका, मुगु
## कर्णाली प्रदेश

**प्रस्तावना,**

स्थानीय क्षेत्रमा आधारभूत स्वास्थ्य र सरसफाई सेवा प्रदान गर्ने कार्यमा गाउँपालिकाको प्रमुख जिम्मेवारी रही आएको र निःशुल्क आधारभुत स्वास्थ्य सेवा जनताको मौलिक हकको रुपमा स्थापित भई गाउँपालिकाले सम्पादन गर्नुपर्ने संबिधानको बृस्तृतिकरणमा उल्लेख भएका कार्यहरु सम्पादन गर्न स्पष्ट कानुनी व्यवस्था गर्नुपर्ने भएकोले, "नेपालको संविधान २०७२ को धारा २२६ अनुसारको अधिकारहरुलाई कार्यान्वयन गर्न सोरु गाँउपालिकाको गाउँसभाले स्थानीय स्वास्थ्य तथा सरसफाई ऐन, २०७७ तर्जुमा गरेको छ ।

**परिच्छेद १**
**प्रारम्भिक**

१. **संक्षिप्त नाम र प्रारम्भः**

(क) यस ऐनलाई स्थानीय स्वास्थ्य तथा सरसफाई ऐन, २०७७ भनिने छ ।

(ख) गाउँ सभाबाट स्वकिृत भई स्थानीय राजपत्रमा प्रकाशित भए पश्चात लागु हुनेछ ।

२. **परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) **"ऐन"** भन्नाले सोरु गाउपालिकाको स्वास्थ्य  ऐन, २०७७ लाई सम्झनु पर्दछ ।

(ख) **"संघीय ऐन"** भन्नाले संघीय संसदले बनाएको स्वास्थ्य सम्बन्धी ऐनलाई बुझ्नु पर्दछ ।

(ग) **"कार्यपालिका"** भन्नाले सोरु गाउँपालिकाकाको कार्यपालिकालाई सम्झनु पर्दछ ।

(घ) **"गाँउपालिका" भन्नाले** सोरु गाँउपालिकालाई सम्झनु पर्दछ ।

(ङ) **"सामुदायिक वा गैरसरकारी स्वास्थ्य संस्था"** भन्नाले सामुदायिक स्वामित्वमा, ट्रष्ट, लोककल्याणकारी संस्थाहरु तथा गैर नाफामुलक गैरसरकारी लगानी तथा स्वामित्वमा सञ्चालन भएका स्वास्थ्य सेवा प्रदायक संस्थालाई सम्झनु पर्दछ ।

(च) **"सरकारी स्वास्थ्य संस्था"** भन्नाले राज्यको स्वामित्वमा संञ्चालन भएका स्वास्थ्य संस्थालाई सम्झनुपर्दछ ।

(छ) **"निजी"** भन्नाले निजि क्षेत्रबाट निश्चित नाफाको समेत उद्देश्य राखी संचालित स्वास्थ्य सेवा प्रदायक  संस्थालाई सम्झनु पर्दछ ।

(ज) "**स्वास्थ्य समिति"** भन्नाले दफा ७ अनुसार गाउँपालिकामा गठित स्वास्थ्य व्यवस्थापन समितिलाई सम्झनु पर्दछ ।

(झ) **"स्वास्थ्य संस्था संञ्चालन तथा ब्यवस्थापन समिति"** भन्नाले दफा ५ अन्तर्गत गठित गाउँपालिका स्तरीय स्वास्थ्य संस्था सञ्चालन तथा ब्यवस्थापन समितीलाई सम्झनु पर्दछ ।

(ञ) **"स्वास्थ्य संस्था"** भन्नाले सरकारी तथा निजी स्तरवाट सञ्चालित अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी, आधारभुत स्वास्थ्य केन्द्र, आयुर्वेद औषधालय, निजी पोलिक्लिनिक, क्लिनिक, डाइग्नोस्टिक सेन्टर तथा स्वास्थ्य सम्बन्धि काम गर्ने सम्पुर्ण संस्थाहरुलाई सम्झनु पर्दछ ।

(ट) **"स्वास्थ्य सेवा"** भन्नाले आधुनिक चिकित्सा (एलोप्याथी) , आयुर्वेद , होमीयोप्याथी , यूनानी, प्राकृतिक चिकित्सा , योग, फिजियोथेरापी, अकुपन्चर, आम्ची, चिकित्सा पद्धतिमा आधारित भई प्रदान गरिने प्रतिकारात्मक ,प्रबर्द्धनात्मक , निदानात्मक ,उपचारात्मक, पुनर्स्थापनात्मक र प्रशामक ( पालिएटिभ) सेवा सम्झनु पर्छ ।

(ठ) **"आकस्मिक स्वास्थ्य सेवा**" भन्नाले आकस्मिक घटना वा आपतकालिन अवस्था परी जीवन जोखिमयुक्त अवस्थामा रहेका व्यक्तिहरुको जीवनलाई जोखिममुक्त गर्न, जीवन वा अङ्ग गुम्नबाट बचाउन आवश्यकता अनुसार दिनुपर्ने प्रारम्भिक तथा तत्काल दिइने सेवा सम्झनु पर्छ।

(ड) **"आधारभुत स्वास्थ्य सेवा"** भन्नाले आधारभुत स्वास्थ्य सेवा ऐन, २०७५ ले अंगिकृत गरेको आम नागरिकको स्वास्थ्य आवश्यकता पूर्तिका लागी राज्यबाट सुलभ रुपमा निःशुल्क उपलब्ध हुने प्रबर्द्धनात्मक, प्रतिकारात्मक, निदानात्मक, उपचारात्मक र पुनर्स्थापनात्मक सेवा लाई सम्झनु पर्छ ।

(ढ) **'प्रजनन स्वास्थ्य'** भन्नाले मानिसका प्रजनन प्रणाली, प्रजनन अंगहरुको स्वास्थ्य, प्रजनन र यौन सम्बन्धी सम्पूर्ण स्वास्थ्य सम्बन्धि विषयहरु भन्ने जनाउँछ ।

(ण) **"पूर्ण खोप सेवा"** भन्नाले नेपाल सरकारको पोटोकल अनुसार दिईने सम्पूर्ण खोपलाई नै पूर्ण खोप सेवा बुझिने छ ।

(त) **"सेवा प्रदायक"** भन्नाले मान्यता प्राप्त शिक्षण संस्थाबाट स्वास्थ्य सेवाका बिषयमा निश्चित योग्यता वा तालिम हासिल गरी स्वास्थ्य संस्थामा कार्यरत चिकित्सक, स्वास्थ्यकर्मी र सामुदायिक स्वास्थ्य कार्यकर्ता सम्झनु पर्छ ।

## परिच्छेदः २
## आधारभूत स्वास्थ्य सेवा प्रदायक र व्यवस्थापन सम्बन्धी व्यवस्था

३. **आधारभूत स्वास्थ्य सेवा प्रदायकहरु :** स्थानीय स्तरमा आधारभूत स्वास्थ्य सेवा प्रदान गर्ने स्वास्थ्य सेवा प्रदायकहरु ३ प्रकारका हुनेछन् ।

**(क) सरकारी वा सामुदायिक :** सरकारी तथा सामुदायिक स्वामित्वमा संञ्चालन भएका अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य केन्द्र, आयूर्वेद तथा प्राकृतिक चिकित्सा केन्द्र, गाउँघर क्लिनिक, आयूर्वेद स्वास्थ्य केन्द्रहरु, सरकारी वा सामुदायिक स्वास्थ्य सेवा (ईकाइ) प्रदायक निकाय हुनेछन् ।

**(ख) निजी :** निजी क्षेत्रद्वारा संचालित अस्पताल, नर्सिङ होम, पोलिक्लिनिक वा क्लिनिक, प्रयोगशाला, फार्मेसीहरु निजी स्वास्थ्य सेवा प्रदायक निकाय हुनेछन् ।

**(ग) ट्रष्ट वा लोककल्याणकारी संस्थाहरुको अधिनस्थ :** ट्रष्ट वा लोककल्याणकारी संस्थाहरु मार्फत संचालन हुने अस्पताल, स्वास्थ्य केन्द्र, घुम्ती क्लिनिक यस अन्तर्गत पर्दछ ।

४. **स्वास्थ्य सेवा प्रदायक संस्थाहरुको परिभाषा र आधारभूत मापदण्ड :** स्वास्थ्य सेवा प्रदायक संस्थाहरुको परिभाषा र आधारभूत मापदण्ड संघीय सरकारले निर्धारण गरे वमोजिम हुनेछ ।

५. **गाउपालिका स्तरिय स्वास्थ्य ब्यवस्थापन समिति सम्वन्धि व्यवस्था :**

(१) गाउँपालिका भित्र रहेका स्वास्थ्य संस्थाहरुको रेखदेख र अनुगमन गर्न देहाय वमोजिम स्थानीय स्वास्थ्य सेवा संञ्चालन तथा व्यवस्थापन समितिको गठन गरिने छ ।

क. गाउँपालिका प्रमुख – अध्यक्ष

ख. गाउँकार्यपालिकाले मनोनित गरेको सामाजिक बिकास समितिको संयोजक – उपाध्यक्ष

ग. गाउँपालिकाको शिक्षा शाखा प्रमुख – सदस्य

घ. गाउँपालिका स्तरीय व्यापार संधको प्रमुख – सदस्य

ङ. कार्यपालिकाले मनोनित स्वास्थ्य क्षेत्रको जानकार महिलाहरु मध्येबाट १ जना – सदस्य

च. गाउँपालिकाको प्रमुख प्रशासकिय अधिकृत – सदस्य

छ. गाउँपालिकाको स्वास्थ्य संयोजक – सदस्य सचिव

६. **स्वास्थ्य ब्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार :**

(क) स्वास्थ्य क्षेत्रको स्वास्थ्य तथा सरसफाइको वार्षिक योजना तर्जुमा, तयार, कार्यान्वयन तथा अनुगमन तथा मुल्याङ्कन गर्ने ।

(ख) गाउँपालिका क्षेत्र भित्र स्वास्थ्य संस्था सञ्चालनका लागि अनुमति, स्वीकृति सम्बन्धी सामाजिक बिकास समितिमा आवश्यक राय प्रदान र सिफारिस गर्ने ।

(ग) स्वास्थ्य संस्था संञ्चालन तथा व्यवस्थापन समितिलाई आवश्यक निर्देशन दिने, जागरुक र सजग बनाउने र अनुगमन तथा मुल्याङ्कन गर्ने ।

(घ) स्वास्थ्य संस्थाहरुको लागि आवश्यक साधन स्रोत जुटाउने र परिचालन गर्ने गराउने ।

(ङ) स्वास्थ्य विशेषज्ञहरु र स्वास्थ्य सेवा प्रदायकहरुको सूची अद्यावधिक तथा प्रकाशन, गाउँपालिका स्तरीय स्वास्थ्यको प्रोफाईल तयार गर्ने ।

(च) स्वास्थ्य सेवाको पहुँच भन्दा बाहिर रहेका समुदायको पहिचान गरी सबैका लागि आधारभुत स्वास्थ्य सेवा सुनिश्चित हुने प्रबन्ध गर्ने ।

(छ) सामाजिक बिकास समिती मार्फत गाउँ कार्यपालिकालाई स्वास्थ्य तथा सरसफाइ क्षेत्रमा आवश्यक सुझाव र सल्लाह दिने ।

(ज) सुर्तिजन्य पदार्थ र मदिरा नियन्त्रणका लागी कार्ययोजना बनाउने ।

(झ) सबै स्थानिय स्वास्थ्य संस्था संञ्चालन तथा व्यवस्थापन समिती मार्फत औषधी तथा उपकरणको अध्यावधिक गरी बैज्ञानिक बिधिद्वारा (अधिकतम माग बिन्दु र न्युनतम मौज्दात) प्रक्षेपित योजना निर्माण गरि खरिद योजना सहित खरिद समितीमा पेश गर्ने ।

(ञ) सबै स्थानिय स्वास्थ्य संस्था संञ्चालन तथा व्यवस्थापन समिती मार्फत सूचना लिने र अन्य आवश्यक स्थानहरुमा महामारी नियन्त्रणको योजना र जोखिम अवस्थाको पहिचान गरि गाउँपालिका स्तरीय महामारी नियन्त्रणको योजना बनाई बार्षिक कार्ययोजनामा समाबेश गर्ने ।

(ज) कार्यपालिका र सामाजिक बिकास समितीले तोकिए बमोजिमका अन्य कार्यहरु गर्ने ।

**७. स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापन समिति गठन, काम, कर्तव्य र अधिकार**

(१) स्वास्थ्य चौकी ब्यवस्थापनका लागि हरेक स्वास्थ्य संस्थामा गाउँपालिकाको गाउँपालिका प्रमुख संरक्षक रहने गरि देहाय बमोजिमको स्वास्थ्य संस्था संञ्चालन तथा ब्यवस्थापन समिति गठन गरिने छ ।

(क) सम्वन्धित वडाका वडा अध्यक्ष – अध्यक्ष

(ख) वडा समितिले मनोनित गरेको निर्वाचित महिला सदस्यहरु मध्येबाट १ जना – उपाध्यक्ष

(ग) स्वास्थ्य चौकी रहेको क्षेत्रको बिद्यालयका प्रमुख/प्राचार्य मध्येबाट १ जना महिला – सदस्य

(घ) स्थानिय व्यापार संघको प्रतिनिधि १ जना – सदस्य

(ङ) वडा समितीबाट मनोनित स्वास्थ्य क्षेत्रको जानकार महिला स्वास्थ्य स्वंय सेबिकाहरु मध्येबाट १ जना – सदस्य

(च) सम्बन्धित वडाको वडा सचिव/अधिकृत – सदस्य

(छ) सम्बन्धित स्वास्थ्य संस्थाको प्रमुख – सदस्य सचिव

(२) स्वास्थ्य संस्था संचालन तथा ब्यवस्थापन समितिका काम, कर्तब्य र अधिकार निम्नानुसार हुनेछन् :

(क) आफ्नो स्वास्थ्य संस्थाको वार्षिक योजना बनाई सम्बन्धित वडा समिति मार्फत गाउँपालिकामा पेश गर्ने ।

(ख) व्यवस्थापन समितिको नियमित (मासिक) बैंठक गर्ने, बैठकमा स्वास्थ्य संस्थामा परेको समस्याहरु, मासिक प्रगति बिवरण (कार्यहरु र सुचाङ्क), र अन्य समस्याहरुको समाधानका लागि मासिक, त्रैमासिक, अर्धवार्षिक र बार्षिक कार्ययोजना निमार्ण गर्ने र सोही अनुरुप श्रोत व्यवस्थापन र सरोकारवालाहरु सँग समन्वय गर्ने ।

(ग) मासिक, त्रैमासिक, अर्धबाषिक र बार्षिक समिक्षा, सामाजिक परीक्षण, नागरिक वडा पत्र, सेवाग्राहीहरुको सुझाव व्यवस्थापन गर्न सुझाब पेटिका, कण्डम बक्स र सेवाग्राहि सन्तुष्टि फारम भर्ने जस्ता स्वास्थ्य सुशासन मूल्याङ्कनका कार्यक्रमहरु संचालन गर्ने र गराउने ।

(घ) सम्बन्धित स्वास्थ्य संस्थाका कर्मचारीको प्रभावकारी रुपमा परिचालनको लागि तथ्याङ्कमा आधारित भएर योजना सहित सहजिकरण गर्ने ।

(ङ) स्वास्थ्य शिविरहरु, घुम्ति शिविरहरु राख्न र बृद्धबृद्धा, अति अशक्त, अति अपाङ्ग, तेश्रो र चौथो गर्भ जाँच, दोश्रो र तेश्रो सुत्केरी जाँच गर्न स्वास्थ्यकर्मीहरुलाई घरदैलोमै गएर सेवा दिने वातावरण बनाउन गाउँपालिकामा समन्वय गर्ने तथा व्यवस्थापन गर्ने ।

(च) स्वास्थ्य सुचकमा न्यून प्रगति भएका समस्याहरुलाई उच्च स्तरमा पुऱ्याउन, मासिक बैठकमा त्यसको छलफल गर्ने र कार्ययोजना बनाई, गाउँपालिका, सरोकारबालाहरु र दातृ निकायहरुसँग समन्वय गर्ने ।

(छ) स्वास्थ्य संस्थामा रहेको औषधी तथा उपकरण र जिन्सी सामाग्रीको रेखदेख तथा संरक्षण गर्ने ।

(ज) स्वास्थ्य संस्था संञ्चालन तथा व्यवस्थापन समितीको संघिय निर्देशिकामा उल्लेखित भए अनुसारको अन्य कार्यहरु र गाउँपालिका स्तरिय स्वास्थ्य सेवा संञ्चालन तथा व्यवस्थापन समितीले तोके बमोजिमको अन्य कार्यहरु गर्ने ।

(झ) स्वास्थ्य संस्थामा हुने गरेको र भईरहेको कार्यहरुको अनुगमन, मुल्याङ्कन तथा सुपरिवेक्षण गर्ने ।

(ञ) केन्द्र, प्रदेश र स्थानीय सरकारले चलाएका स्वास्थ्य सम्बन्धि कार्यक्रम तथा अभियानहरुलाई सफल पार्न आवश्यक कार्य, सहयोग र व्यवस्थापन गर्ने ।

८. **बैंक खाता संचालनः** हरेक स्वास्थ्य संस्थाको आफ्नै छुट्टै बैंक खाता हुनुपर्नेछ ।

(१) स्वास्थ्य संस्थाको बैंक खाता व्यवस्थापन समितिका अध्यक्ष र सदस्य सचिवको संयुक्त दस्तखतबाट संचालन हुनेछ ।

(२) उपदफा (१) बमोजिमको लेखा व्यवस्थापन र लेखा परीक्षण गाउँपालिकाले तोके बमोजिम हुनेछ ।

## परिच्छेदः २
## स्वास्थ्य संस्था स्थापना र सञ्चालन सम्वन्धी मापदण्ड

९. **अस्पताल तथा स्वास्थ्य संस्था सञ्चालन मापदण्डः**

**(१) अस्पताल :** गाउँपालिका आफैले संघिय मापदण्डमा तोकिय बमोजिम १५ शैयासम्म क्षमताको अस्पताल संञ्चालन गर्न सक्नेछ । यस्तो अस्पताल सञ्चालन गर्न गाउँपालिकाले अस्पताल संचालन नियमावली तर्जुमा गरी संचालन गर्नेछ ।

(२) **(२) स्वास्थ्य संस्था :** गाउँपालिकाले प्रत्येक वडामा र आवश्यकता अनुसार जनसंख्याको अनुपातमा कम्तिमा देहायका पूर्वाधार पुरा गरी स्वास्थ्य संस्था संञ्चालन गर्नुपर्नेछ :

(क) जनशक्ति : स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले तोकेको दरबन्दि अनुसार (तहगत स्वास्थ्य संस्थामा) र स्थानिय आवश्यकता अनुसार अन्य सहायक कर्मचारीहरु

(ख) भवन कोठा : स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले तोके बमोजिमको मापदण्ड अनुसारको

(ग) औजार तथा उपकरण : आधारभुत स्वास्थ्य सेवा दिन चाहिने न्यूनतम सेवा मापढण्ड (तहगत स्वास्थ्य संस्थामा) तोकेको औजार तथा उपकरणहरु र स्थानिय आवश्यकता अनुसार अन्य औजार तथा उपकरणहरु

(घ) औषधि : आधारभुत स्वास्थ्य सेवा दिन चाहिने न्यूनतम सेवा मापढण्ड अनुसारको निःशुल्क औषधिहरु ( तहगत स्वास्थ्य संस्थाबाट) र गाउँपालिको श्रोतबाट स्थानिय आवश्यकता अनुसारको अन्य औषधिहरु

**(३) आयूर्वेद तथा प्राकृतिक चिकिस्सा केन्द्र :** गाउँपालिका क्षेत्र भित्र जडिबुटी, प्राकृतिक चिकित्सा, योग ध्यान लगायतका रोगको रोकथाम मुलक र बैकल्पिक चिकित्सा सेवाको प्रवर्द्धनका लागि समुदाय वा ट्रष्टहरुसँगको साझेदारीमा वा गाउँपालिका आफैंले कम्तीमा एउटा आयूर्वेद तथा प्राकृतिक चिकित्सा केन्द्रको स्थापना र संञ्चालन गर्नुपर्नेछ ।

(क) जनशक्ति : नेपाल सरकारबाट तोकिएको दरबन्दि अनुसारको जनशक्ति हुनेछ । गाउँपालिकाले आवश्यक्ता अनुसार थप जनशक्ति तोक्न सक्नेछ ।

(ख) भवन र कोठा : नेपाल सरकारबाट तोकिएको मापदण्ड अनुसारको हुनेछ ।

१०. **निजी क्षेत्रले अस्पताल सञ्चालन गर्न सक्ने :**

(१) गाउँपालिका क्षेत्रभित्र निजी क्षेत्र तथा ट्रष्ट वा लोककल्याणकारी संस्थाद्वारा अस्पताल संञ्चालन गर्न चाहेमा १५ शैया सम्मको संञ्चालन अनुमती गाउँपालिकाले दिन सक्नेछ। सो अस्तताल संञ्चालन गर्न तोकिएको मापदण्ड पूरा गरी आएमा गाउँपालिकाले अस्पताल संञ्चालन अनुमति दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम स्वास्थ्य सेवा सञ्चालन गर्न चाहने निकायले अनुमतिको लागि तोकिएको ढाँचामा गाउँपालिकामा निवेदन दिनु पर्नेछ।

(३) गाउँपालिका स्वास्थ्य समितिले प्राप्त निवेदन उपर छलफल तथा आवश्यक अनुगमन गरी तोकिएको मापदण्ड पुरा गरेमा अस्पताल सञ्चालनको स्वीकृति प्रदान गर्न सक्ने गरी आशय-पत्र प्रदान गर्न गाउँ कार्यपालिकालाई सिफारिस गर्नेछ।

(४) उपदफा (३) को आधारमा गाउँ कार्यपालिकाले दुई बर्षभित्र तोकिएको मापदण्ड पुरा गरेमा अस्पताल सञ्चालनको स्वीकृति प्रदान गर्न सकिने प्रकारको आशय पत्र प्रदान गर्नेछ।

(५) उपदफा (४) बमोजिम तोकिएको मापदण्ड पुरा गरी स्वीकृतिका लागि गाउँ कार्यपालिकामा निवेदन दिनु पर्नेछ।

(६) उपदफा (५) बमोजिमको निवेदन उपर आवश्यक अनुगमन गरी तोकिएको मापदण्ड पुरा गरेको ठहर भएमा अस्पताल सञ्चालनको अनुमति प्रदान गर्न सक्नेछ।

(७) आशयपत्रमा उल्लेख गरिएको समयसीमा भित्र तोकिएको मापदण्ड पुरा गरेको नपाईएमा स्वीकृति प्रदान गरिने छैन।

(८) गाउँपालिकाले गाउँ क्षेत्रमा संचालित सबै निजी स्वास्थ्य संस्थाहरुको अनुगमन कार्यविधी बनाई अनुगमन गर्न सक्नेछ।

**११. अस्पताल संचालन गर्न आवश्यक मापदण्ड :** गाउँपालिकाको स्वीकृतिमा सञ्चालन हुने अस्पतालहरुले देहाय अनुसारको मापदण्ड पुरा गर्नु पर्ने छ।

(क) जनशक्ति : कम्तीमा २ जना एमविविएस डाक्टर , कम्तीमा ४ जना स्टाफ नर्स , कम्तीमा १ जना ल्याव टेक्निसियन , ४ जना हेल्थअसिष्टेण्ट , ४ जना अ.हे.व. , ४ जना अ.न.मी र ४ जना कार्यालय सहयोगी तथा १ जना स्विपर।

(ख) भवन तथा कोठा : दर्ता चलानी, वहिरंग सेवा, इमर्जेन्सी कक्ष, प्रयोगशाला, भर्ना भएका विरामी राख्ने क्याविन, नर्सिङ कक्ष, प्रशासन कक्ष, पार्किङ, फार्मेसी र बिरामीको लागी प्रतिक्षालय हुनुपर्ने।

(ग) उपकरण र पूर्वाधारः सडक नेटवर्कले जोडिएको, एम्बुलेन्स सेवाको उपलब्धता, विरामी राख्ने बेड र लाइफ सपोर्ट सिष्टम, २४ घण्टा विद्युत र खानेपानी सेवा भएको, अक्सिजनको व्यवस्था, चिकित्साजन्य फोहर व्यवस्थापन प्रणाली भएको हुनुपर्नेछ।

(घ) गाउँपालिकाले आवस्यकता  अनुसार थप मापदण्ड तोकी लागु गर्न सक्नेछ।

**१२. पोलिक्लिनिक संञ्चालनको अनुमतीः**

(१) गाउँपालिकाले आफ्नो कार्यक्षेत्रमा कुनै व्यक्ति वा संस्थाले पालिक्लिनिक संञ्चालन गर्न चाहेमा संघिय सरकारले तोकेको मापदण्ड पुरा गरी स्वीकृती लिनु पर्नेछ।

(२) पोलिक्लिनिकमा विरामी जाँच्ने डाक्टरको विवरण, अन्य सम्पूर्ण जनशक्तिको बिवरण, सञ्चालकको विवरण, सञ्चालन हुने स्थान र उपलब्ध हुने सेवाको विवरण खोली गाउँपालिका समक्ष निवेदन दिनु पर्नेछ।

(३) उक्त निवेदन माथी गाउँकार्यपालिकाले अध्ययन र मुल्याङ्कन गरि सेवा संञ्चालनको अनुमति दिन सक्नेछ।

**१३. प्रयोगशाला वा ल्याबोरेटोरी संचालनः**

(१) व्यक्ति वा कुनै संस्थाले प्रयोगशालासंचालन गर्न चाहेमा देहाय बमोजिमको विवरण सहित गाउँपालिकाबाट स्वीकृती लिनु पर्नेछ।

(क) संञ्चालकको विवरण (प्रयोगशाला सम्बन्धि न्यूनतम ३ वर्ष अध्ययन गरेको र सम्बन्धित काउन्सिलमा दर्त्ता भएको) र नागरिकताको प्रमाणपत्र

(ख) प्रयोगशालासंञ्चालन गर्ने स्थान प्रमाणित भएको कागजात (घरधनीसंगको सम्झौता पत्र)

(ग) रेडियोलोजी वा प्याथोलोजी विषयमा न्यूनतम ३ वर्ष अध्ययन गरेको व्यक्तिको प्रमाणपत्र र काम गर्न इच्छुक भएको पत्र (संञ्चालक वाहेक अन्य जनशक्तिको हकमा)

(घ) प्रयोगशालामा उपलब्ध हुने परीक्षणको प्रकार (संघिय सरकारले तोके बमोजिमको तह अनुसार)

(ङ) प्रयोगशालामा प्रयोग हुने न्यूनतम उपकरणहरुको विवरण (संघिय सरकारले तोके बमोजिमको तह अनुसार)

**१४. फार्मेसी संचालनको अनुमती**

(१) गाउँपालिका क्षेत्रभित्र फार्मेसी सञ्चालन गर्न चाहेमा गाउँपालिकाबाट अनुमती लिनु पर्नेछ ।

(२) फार्मेसी शिक्षा प्राप्त र सम्बन्धित काउन्सिलमा दर्त्ता भएको व्यक्ति संञ्चालक रहने गरी फार्मेसी सञ्चालन गर्ने स्थान (घरधनीसंगको सम्झौता पत्र), विक्री वितरण गर्ने औषधीका प्रकारहरु (संघिय सरकारले तोके बमोजिमको तह अनुसार) र प्राथमिक उपचार सेवाको विवरण आवेदनमा खुलाउनु पर्ने ।

(३) फार्मेसी सञ्चालनमा रहने मुख्य सञ्चालक र सहायक कर्मचारीहरुको विवरणहरु शैक्षिक प्रमाण पत्र र सम्बन्धित काउन्सिलमा दर्त्ता भएको, नागरिकता र हालको बसोवास ठेगाना प्रमाण भएको कागजात र वडा कार्यालयको सिफारिस साथ आवेदन पेश गर्नुपर्ने ।

(४) प्राप्त विवरण सहितको आवेदन माथी गाउँकार्यपालिकाले आवश्यक अध्ययन र मूल्याङ्कन गरि फार्मेसी संञ्चालनको अनुमती दिन सक्नेछ ।

**१५.मापदण्ड पुरा नगरेमा सजाय हुनेः**

(१) अस्पताल, प्रयोगशाला, फार्मेसी जस्ता स्वास्थ्य सेवा संञ्चालनको स्वीकृती लिदा तोकिएको मापदण्ड पुरा नभएको तर झक्याएर विवरण दिएको वा अस्थायी रुपमा मापदण्ड पुरा गरेको पाइएमा कार्यपालिकाको अनुगमन समितिले अनुगमन गरी प्रचलित कानुन बमोजिम सचेत गराउने, जरिवाना गराउने तथा स्वीकृती खारेजी सम्मको लागि गाउँपालिकामा सिफारिस गर्ने वा दण्ड सजाय गर्न सक्नेछ ।

(२) अस्पताल, फार्मेसी तथा प्रयोगशालामा सम्बन्धित बिषय पढेको र तालिम प्राप्त स्वास्थ्यकर्मी, फार्मेसीस्ट र ल्याव टेक्निसियन बाहेकका व्यक्तिले स्वास्थ्य परिक्षण गरेको, औषधि लगाएतका अन्य सामाग्रीहरु बितरण गर्ने वा गराउने, रगत, दिशापिसाव, खकार लगायतको परिक्षणमा संलग्न भएको पाइएमा त्यस्तो अस्पताल, फार्मेसी, प्रयोगशाला बन्द गराउन सक्ने, संञ्चालन अनुमति खारेज गर्ने, संञ्चालकलाई कालोसूचीमा राखी सो को आम जनतालाई जानकारी दिइने वा प्रचलित कानुन बमोजिम कारवाहि गरिनेछ ।

(३) फार्मेसी र प्रयोगशालाको हकमा दर्तावाला संञ्चालक र सहयोगी बाहेक अरुले औषधी बेचेको पाइएमा सचेत गराउने, जरिवाना तिराउने देखि अनुमति खारेज गर्न र प्रचलित कानुन बमोजिम कारवाहि गर्न सकिनेछ ।

१६. **सहुलियत र छुटको ब्यवस्था गर्नुपर्ने :** निजी लगानी र ट्रष्ट मार्फत संञ्चालनमा आएका स्वास्थ्य संस्थाहरु, अस्पताल, फार्मेसी र प्रयोगशालाहरुले स्वास्थ्य परिक्षणका क्रममा लाग्ने शुल्कमा गाउँपालिकाको सिफारिसमा बृद्धबृद्धा, गरिब, असक्त, अपाङ्ग, एकल महिला, बिधुवा, गर्भवती महिला र सुत्केरीलाई र अन्य आवश्यकलाई (अन्य पिडितहरु) ५० प्रतिशत छुट वा पूर्ण मिनाहा दिनु पर्नेछ ।

## परिच्छेदः ३
## स्वास्थ्यकर्मी तथा स्वास्थ स्वयंसेवा सम्बन्धी व्यवस्था

१७. **स्वास्थकर्मीको व्यवस्थापनः** गाउँपालिका भित्रका सामुदायीक स्वास्थ्य संस्थाहरु मार्फत आधारभूत स्वास्थ्य सेवा प्रवाहका लागि ४ प्रकारका स्वास्थ्यकर्मीहरु रहने छन् :

(१) स्थायी : नेपाल सरकारको स्वास्थ्य सेवाबाट समायोजन भई आएका स्वास्थ्यकर्मीहरु

(२) करार : स्थानीय माग र विशिष्टताका आधारमा नगरपालिका, प्रदेश सरकार र संघिय सरकार मार्फत करार सेवामा भर्ना गरिएका स्वास्थकर्मीहरु

(३) अभ्यासकर्ताः स्थानीय स्तरमा खुलेका स्वास्थ्य अध्ययन संस्थानमा अध्ययनरत विद्यार्थीहरु एवं गाउँपालिकाको आंशिक वा पूर्ण छात्रवृत्तिमा अन्यत्र गई स्वास्थ्य शिक्षा अध्ययन गरेका विद्यार्थीहरुलाई अभ्यासकर्ता स्वास्थ्यकर्मीको रुपमा गाउँपालिकाले भर्ना गर्न सक्ने छ । यस्ता अभ्यासकर्तालाई वढीमा १ वर्षको लागि वा आवश्यकता अनुसार भर्ना गर्न सकिने छ ।

(४) स्वास्थ्य अभियानकर्ता, स्वयंसेबक र स्वयंसेबिका

**१८. अभियानकर्ता/स्वास्थ्य स्वयंसेबक र स्वयंसेबिकाको ब्यबस्था :** स्वास्थ्य सेवालाई सबै नागरिकको घरघर सम्मको पहुँचमा पुऱ्याउन र जनचेतना फैलाउन गाउँपालिकाले पुरुष स्वास्थ्य अभियानकर्ता वा स्वयंसेबक र महिला स्वास्थ्य स्वयंसेविकाहरु नियूक्त गर्न सक्नेछ ।

(१) महिला स्वास्थ्य स्वयंसेविका र पुरुष अभियानकर्ताहरु नियूक्तिका लागि २१ वर्ष पुरा भई ४० वर्ष ननाघेको, शैक्षिक योग्यता न्युनतम १० कक्षा अध्ययन गरेको सम्वन्धित वडाको विवाहित नागरिक हुनुपर्नेछ ।

(२) एउटा वडामा अधिकतम संख्या १० हुने गरी औसत प्रति २०० जनसंख्याको लागि १ जना महिला स्वयंसेविका र ४०० जनसंख्याको लागि १ जना पुरुष अभियानकर्ताको सिफारिस सम्बन्धित वडाको आमा समुहले वडा समितिलाई र वडा समितिले गाउँपालिकाको स्वास्थ्य सेवा संञ्चालन तथा व्यवयवस्थापन समिति समक्ष गर्नसक्ने छ ।

(३) प्रत्येक स्वयंसेविका र अभियानकर्ताहरुले आधारभूत स्वास्थ्य सम्वन्धी ७ दिनको तालिम प्राप्त गरेको हुनुपर्नेछ । गाउँपालिका र स्वास्थ्य संस्थाहरुले आवश्यकता अनुसार थप तालिम र अभिमुखीकरण प्रदान गर्दै लग्नेछ ।

(४) यसभन्दा पहिले देखि नै कार्यरत महिला स्वयंसेविकाहरु मध्ये निरक्षर वा ६० बर्ष उमेर पुगेकालाई गाउँकार्यपालिकाले प्रोत्साहन रकमको ब्यबस्था गरि बिदाइ गर्नेछ र नयाँ नियुक्त गर्दा कम्तिमा १० कक्षा उतिर्ण, स्वास्थ्य क्षेत्रको बारेमा जानकार र स्वास्थ्य क्षेत्रलाई योगदान दिन सक्नेलाई मात्र नियुक्ति दिइने छ ।

**१९.स्वास्थ्यकर्मीको सेवा सुविधाः**

(१) स्थायी स्वास्थ्यकर्मी : नेपाल सरकारले तोकेको स्केल बमोजिम तलव र गाउँकार्यपालिकाले आवश्यकता अनुसार तोके बमोजिमको अन्य सेवा सुविधा पाउनेछन । घरदैलो भ्रमणमा पठाईएको स्वास्थ्यकर्मीको हकमा गाउँकार्यपालिकाले तोके बमोजिमको सेवा सुबिधा पनि प्रदान गरिनेछ ।

(२) करार स्वास्थ्यकर्मी : दुई पक्षबीचको समझदारीमा भएको करार सम्झौता बमोजिमको सेवा सुविधा उपलब्ध गराईनेछ ।

(३) अभ्यासकर्ता स्वास्थ्यकर्मी : निर्वाह भत्ताको रुपमा सम्बन्धित तहका स्वास्थ्यकर्मीले पाउने मासिक तलब स्केलको दुई तिहाई रकमसम्म उपलब्ध गराईनेछ ।

(४) अभियानकर्ता/स्वयंसेविका : पोशाक, बार्षिक रुपमा सञ्चार खर्च, स्वास्थ्य संस्थालाई आवश्यकता परेको बखत काममा खटाइएमा सो दिनको पारिश्रमिक, स्वास्थ्य सेवा सम्बन्धी अभियानमा खटाईएको समयमा दिइने पारिश्रमिक जस्ता सुविधाहरु उपलब्ध गराईनेछ। यसरी अभियानकर्ता/स्वयंसेविकाहरुलाई सेवा गरेको अवधिको अनुभब पत्र पनि दिईनेछ ।

**२०. स्वास्थ्यकर्मीको दरवन्दी निर्धारण र नियूक्ति :** सामुदायीक वा सरकारी स्वामित्वका स्वास्थ्य संस्थाहरुमा आवश्यक स्वास्थ्यकर्मीको दरवन्दी गाउँकार्यपालिकाले निर्धारण गर्ने छ ।

(१) दरवन्दी अनुसारका पदहरुमा नेपाल सरकारबाट समायोजन भई आएका स्थायी स्वास्थ्यकर्मीहरु रहने छन् । समायोजनमा नआएका कर्मचारीहरुको हकमा गाउँपालिकाले करारमा वा अभ्यासकर्मी वा स्वयंसेवक स्वास्थ्यकर्मी नियुक्ति गर्न सक्ने छ ।

(२) स्वास्थ्य संस्थामा कायम भएको रिक्त दरवन्दी पदमा करारमा वा अभ्यासकर्मी वा स्वयंसेवक स्वास्थ्यकर्मी नियुक्ति गर्नुपर्ने भएमा करार नियुक्ति सम्बन्धी व्यवस्था देहाय बमोजिमको करार कर्मचारी छनौट समितिबाट हुनेछ :

(क) गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत – संयोजक

(ख) गाउँकार्यपालिकाले तोकेको कम्तीमा स्नातक उतिर्ण १ जना स्वास्थ्य बिज्ञ – सदस्य

(ग) गाउँपालिकाको स्वास्थ्य शाखा प्रमुख अधिकृत – सदस्य सचिव

(३) छनोट समितिले कार्यबिधि अनुसार (अनुसुचि ५) कर्मचारी छनोट प्रकृया संञ्चालन गरि अन्तिम नामाबली कार्यपालिका समक्ष पेश गर्नेछ ।

**२१. कर्मचारी सरुवा सम्बन्धि व्यवस्था :**

(१) स्थायी स्वास्थ्यकर्मीको हकमा निजले कुनै एक स्वास्थ्य संस्थामा अधिकतम ३ वर्ष सेवा गरे पश्चात अर्को स्वास्थ्य संस्थामा सरुवा हुन पाउनेछ । कुनै पनि कर्मचारी विशेष परिस्थिती बाहेक न्यूनतम ३ वर्ष एउटै स्वास्थ्य संस्थामा कार्य गरे पछि मात्र सरुवाको दाबेदार हुनेछ ।

(२) विशेष अवस्थामा बाहेक न्यूनतम ३ वर्ष एकै स्वास्थ्य संस्थामा कार्यरत स्थायी कर्मचारीले अर्को स्वास्थ्य संस्थामा सरुवा हुन चाहेमा गाउँपालिकाको स्वास्थ्य तथा सरसफाई शाखामा सरुवाका लागि निवेदन दिन सक्नेछन् । यसरी प्राप्त निवेदनका आधारमा गाउँपालिकाको स्वास्थ्य तथा सरसफाई शाखाले आफ्नो क्षेत्र भित्रका कुनै पनि स्वास्थ्य संस्थामा सरुवा गर्न गाउँपालिका स्तरिय स्वास्थ्य व्यवस्थापन समितिको रायमा गर्न सक्नेछ ।

(३) विशेष अवस्था भन्नाले निज सो संस्थामा रहन नसक्ने, विषयगत दरवन्दी आवश्यक नरहेको, स्वास्थ्य समस्या, पतिपत्नी सगैं रही सेवा गर्न पाउने अवस्था वा अन्य चित्तबुझ्दो कारण समेत बुझिने छ ।

(४) उपदफा (१), (२) मा जे भएपनि ३ बर्ष पछि सरुवा हुने स्वास्थ्यकर्मीको कार्यसम्पादन मुल्याङ्कन र व्यक्तिगत फाईलको आधारमा साह्रै कमजोर देखिएमा निज स्वास्थ्यकर्मीलाई कारबाहीको रुपमा निजले मागेको ठाँउमा सरुवा रोक्का, गाउँपालिका भित्रको दुर्गम मानिने स्वास्थ्य संस्थामा सरुवा वा अन्य आवश्यक कारवाहि वा मनोबल बढाउन गरिने काम गाउँपालिकाको स्वास्थ्य तथा सरसफाई शाखाले गाउँपालिका स्तरिय स्वास्थ्य व्यवस्थापन समितिको सुझाबमा गर्न सक्नेछ ।

(५) कुनै पनि स्वास्थ्यकर्मीको कार्यसम्पादन मुल्याङ्कन र व्यक्तिगत फाईलको आधारमा साह्रै राम्रो वा उच्च देखिएमा बाषिक रुपमा त्यस्तो स्वास्थ्यकर्मीलाई मागेको ठाँउमा सरुवा, बार्षिक रुपमा गाउँपालिकामा कार्यक्रम गरि सम्मान गर्ने, बृद्दि बिकासको लागी थप हुने तालिम र गोष्ठिमा प्राथमिकता दिने र कार्यपालिकाले निर्णय गरेर गाउँपालिकाको श्रोतबाट अन्य सेवा सुबिधा प्रदान गर्न सक्नेछ । कार्यसम्पादन कमजोर ठहरिएको पाइएका कर्मचारीहरुलाई कार्यसम्पादन सुधारको लागी पृष्ठपोषण, नसिहत वा दण्डित समेत गर्न सकिने छ ।

**२२. कार्यसम्पादन मुल्याङ्कन करार सम्झौता गर्नुपर्ने :** स्वास्थ्य सेवालाई प्रभावकारी बनाउन देहाय अनुसार कार्यसम्पादन मुल्याङ्कन करार सम्झौंताको प्रकृया अवलम्बन गर्नुपर्नेछ ।

(१) गाउँपालिका अध्यक्षको रोहवरमा प्रमुख प्रशासकीय अधिकृतले स्वास्थ्य तथा सरसफाई शाखा हेर्ने अधिकृतसँग, उक्त अधिकृतले स्वास्थ्य संस्थाका प्रमुखहरु सँग र प्रमुखले अन्य कर्मचारीहरुसँग कार्य सम्पादन करार सम्झौता गर्नुपर्ने छ । यसरी कार्यसम्पादन करार गर्दा स्वास्थ्य संस्थाको स्वास्थ्यकर्मीले स्वास्थ्य संस्था संञ्चालन तथा व्यवस्थापन समितिको सल्लाह र मार्फत प्रमाणित गरि र स्वास्थ्य तथा सरसफाई शाखा हेर्ने अधिकृतले गाउँपालिका स्तरिय स्वास्थ्य व्यवस्थापन समितिको सल्लाह र मार्फत प्रमाणित गरि गर्नुर्पेछ ।

(२) कार्य सम्पादन मुल्याङ्कन करार सम्झौता १ वर्षको हुनेछ । सम्झौता अनुसार काम भए नभएको मूल्याङ्कन प्रमुख प्रशासकीय अधिकृतले गाउँपालिका स्तरिय स्वास्थ्य सेवा संञ्चालन तथा व्यवस्थापन समितिको राय र सुझाब अनुसार आर्थिक वर्षको अन्त्यमा कार्यपालिका समक्ष पेश गर्नुपर्ने छ ।

(३) बार्षिक कार्यसम्पादन मुल्याङ्कन करारका सूचकहरु निर्धारण गर्ने कार्य स्वास्थ्य व्यवस्थापन समितिले अनुसुचि ६ अनुरुप तयार पारी गाउँकार्यपालिकामा पेश गर्नु पर्नेछ ।

**२३. कार्य सम्पादन मूल्यांकन र सजाय तथा पुरस्कार :**

(१) कार्यसम्पादन करार भएका कर्मचारीहरुको कार्यसम्पादन क्षमताको आधारमा मूल्याङ्कन गरी कार्यसम्पादनमा राम्रो नतिजा हासिल गर्ने कर्मचारीलाई पुरस्कृत गर्ने र कमजोर नतिजा हासिल गर्ने कर्मचारीलाई पृष्ठपोषण, नसिहत दिने र दण्डित समेत गर्नेछ ।

(२) कार्यसम्पादन सम्झौंताको मूल्याङ्कन, पुरस्कार र सजाय गाउँकार्यपालिकाले तोके बमोजिम हुनेछ ।

## परिच्छेदः ४
## औषधी तथा स्वास्थ्य उपकरणको खरिद, भण्डारण र वितरण सम्बन्धी व्यवस्था

**२४. वार्षिक खरिद योजना :**

(१) स्वास्थ्य क्षेत्र भित्र वार्षिक रुपमा आवश्यक पर्ने औषधी, औजार तथा उपकरणको बैज्ञानिक बिधिद्वारा (आकस्मिक माग बिन्दु र अधिकतम मौज्दात) अनुमान गरि खरिद गर्न वार्षिक खरिद योजना बनाई कार्यपालिकाबाट स्वीकृत गराउनु पर्नेछ ।

(२) वार्षिक खरिद योजना स्वास्थ्य व्यवस्थापन समितिको सहयोगमा गाउँपालिका स्तरिय खरिद एकाईले खरिद गरि स्वास्थ्य व्यवस्थापन समितिलाई हस्तान्तरण गर्नेछ र प्रत्येक स्वास्थ्य संस्थामा माग फारम अनुसार त्रैमासिक रुपमा र आवश्यक अवस्थामा भुक्तानी गर्नेछ ।

(३) औषधी तथा स्वास्थ्य उपकरणको खरिद कार्यमा सार्वजनिक खरिद ऐन र विषयगत स्थानीय कानुनहरुको प्रावधान अनुसार गर्नुपर्ने छ ।

**२५. औषधी तथा स्वास्थ्य उपकरणको भण्डारण :**

(१) खरिद गरिएको औषधी तथा स्वास्थ्य उपकरणको सुरक्षित भण्डारणको व्यवस्था गाउँपालिका स्वास्थ्य तथा सरसफाई शाखाले स्वास्थ्य व्यवस्थापन समितिको रहोबरमा गाउँपालिकामा नै मिलाउने छ ।

(२) स्वास्थ्य उपकरण र औषधीको खरिद त्रैमासिक रुपमा र आवश्यक अवस्थामा गर्नुपर्ने छ । खरिदको परिमाण निर्धारण सम्वन्धित वडाको स्वास्थ्य संस्था संञ्चालन तथा व्यवस्थापन समितिले माग गरे वमोजिम २०% मा नबढाईकन गर्नुपर्ने छ ।

(३) गाउँपालिकाले खरिद गरेको उपकरण र औषधीको कुल परिमाण र मूल्य खरिद मितिको १ हप्ता भित्र सार्वजनिक गर्नुपर्ने छ ।

(४) सम्वन्धित स्वास्थ्य संस्थाले गाउँपालिकाबाट प्राप्त गरेको उपकरण र औषधी तथा औषधी वितरण सम्वन्धी विस्तृत विवरण स्वास्थ्य संस्थामा रहेको जिन्सी किताबमा (खेर भएर जाने र खेर भएर नजाने) अभिलेख राख्ने, त्रैमासिक रुपमा सार्वजनिक गर्ने र सम्बन्धित स्वास्थ्य संस्था संञ्चालन तथा व्यवस्थापन समितिको रोहबरमा राखि त्रैमासिक रुपमा त्यसको अवस्था र माग गर्नुपर्ने भएमा माग फारम सहित सम्वन्धित वडा समिति मार्फत गाउँपालिकाको स्वास्थ्य शाखामा बुझाउनु पर्नेछ ।

## परिच्छेद - ५
## स्वास्थ्य सेवाको न्यूनतम मूल्य र गुणस्तर, सामाजिक सुरक्षा अनुगमन सम्बन्धी व्यवस्था

**२६. स्वास्थ्य सेवाको न्यूनतम मूल्य र गुणस्तर तोक्न सक्ने :**

(१) गाउँपालिकाले स्थानीय स्तरमा सञ्चालित चिकित्सकीय उत्पादन र स्वास्थ्य सेवाहरुको न्यूनतम मूल्य र गुणस्तर निर्धारण गर्न सक्नेछ । गाउँपालिका स्तरिय स्वास्थ्य व्यवस्थापन समिति मार्फत निर्धारित संघिय गुणस्तर र मूल्य भए नभएको अनुगमन गरि सो अनुरुप कार्य गर्न र गराउन सामाजिक बिकास समिति मार्फत गाउँकार्यपालिकामा सिफारिस गर्ने छ ।

**२७. सामाजिक सुरक्षा कार्यक्रम संचालन तथा व्यवस्थापन :**

(१) गाउँपालिकाले राष्ट्रिय र प्रादेशिक नीति अनुसार स्वास्थ्य बीमा कार्यक्रमलाई प्रभावकारी रुपमा संञ्चालन र कार्यान्वयन गर्न आवश्यक सहजिकरण, जनचेतनाका कार्यक्रम तथा अभियानहरु संचालन तथा व्यवस्थापन गर्नेछ ।

(२) आबश्यकता अनुसार अन्य सामाजिक सुरक्षा कार्यक्रमहरुको योजना बार्षिक योजनामा समावेश गरि संञ्चालन तथा व्यवस्थापन गर्नुपर्नेछ ।

**२८. सरसफाई र स्वच्छताका लागि अनुगमन तथा नियमन :**

(१) स्वस्थ खानेपानी र खाद्यपदार्थको गुणस्तर एवं वायु तथा ध्वनी प्रदुषण नियन्त्रण गर्न स्वास्थ्य सेवा संञ्चालन तथा व्यवस्थापन समितिले आवश्यक योजना बनाई बार्षिक योजनामा समावेश गरि सोहि अनुरुपको श्रोत व्यवस्थापन, समन्वय र सहकार्य गर्नेछ ।

(२) स्वास्थ्य व्यवस्थापन समितिले प्रदुषण बढाउने उद्योग, संस्थान वा व्यक्तिलाई सो सम्वन्धी सचेत गराउन र सो बाट पर्न जाने हानी नोक्सानीको क्षतिपूर्ति गराउन सामाजिक बिकास समिति मार्फत गाउँ कार्य पालिकामा सिफारिस गर्नेछ ।

(३) स्वास्थ्य व्यवस्थापन समितिको सिफारिस बमोजिम गाउँ कार्यपालिकाले दण्ड, जरिवाना तथा अन्य कारवाही सम्बन्धी व्यवस्था मिलाउन सक्नेछ ।

## परिच्छेद - ६
## महामारी रोगथाम, फोहोरमैला व्यवस्थाप सम्बन्धी व्यवस्था

### २९. रोग तथा रोगीहरुको अभिलेख राख्नुपर्ने :

(१) स्थानीय स्तरमा कुनै नागरिकलाई सरुवा रोग लागेमा सो को जानकारी स्थानियले २४ घण्टा भित्र र नसर्ने रोग लागेमा सो को जानकारी ५ दिन भित्र नजिकको स्वास्थ्य संस्था वा स्वयंसेविकालाई टिपोट गराउनु पर्नेछ ।

(२) टिपोट गराईएका रोगीहरुको विवरण सम्वन्धित स्वास्थ्य संस्थाहरुले मासिक रुपमा स्थानिय स्वास्थ्य संस्था संञ्चालन तथा व्यवस्थापन समिति र गाउँपालिकाको स्वास्थ्य व्यवस्थापन समिति मार्फत स्वास्थ्य सूचना प्रणालीमा दाखिला गराउनु पर्नेछ ।

(३) यसरी टिपोट गराईएका रोगीहरुलाई आवश्यक सहयोग गर्न स्वास्थ्य संस्थाहरुले मासिक रुपमा स्थानिय स्वास्थ्य संस्था संञ्चालन तथा व्यवस्थापन समितिको मासिक रुपमा बस्ने बैठकबाट जानकारी गराई योजना सहित समाधान वा गाउँपालिकाको स्वास्थ्य व्यवस्थापन समितिमा प्रतिबेदन पठाउनुपर्नेछ । यसरी प्राप्त प्रतिबेदन माथी गाउँपालिकाको स्वास्थ्य व्यवस्थापन समितिले आवश्यक छलफल गरि योजना सहित त्यसको समाधानको उपाय गर्नेछ ।

### ३०. महामारी रोकथाम तथा नियन्त्रण गर्न अभियान संचालन गर्नुपर्ने :

(१) स्थानीय स्तरमा संक्रामक रोगको महामारी फैलिएमा गाउँपालिकाले सोको प्रभाव क्षेत्र निर्क्यौल गरी विद्यालयहरु बन्द गर्न, अस्थायी रुपमा बस्तीहरु खाली गर्न वा अन्यत्रका सर्वसाधारणलाई भ्रमणमा प्रतिबन्ध समेत लगाउन सक्नेछ ।

(२) यस्तो परिस्थितीमा महामारीबाट थप क्षती हुन नदिन आवश्यक शर्तकता अपनाउने, आवश्यक जनशक्ति परिचालन गर्ने र थप जनशक्तिको लागि छिमेकी स्थानीय सरकार, प्रदेश सरकार र संघीय सरकारमा अनुरोध गरी प्रभावकारी परिचालन गर्नुपर्नेछ ।

(३) यस्तो परिस्थिती नआओस् भन्नको हेतु गाउँपालिकाको स्वास्थ्य व्यवस्थापन समितिले महामारी रोकथाम तथा नियन्त्रणको योजना बार्षिक योजनामा समाबेस गरि कार्यान्वियनको लागी गाउँकार्यपालिकामा पेश गर्नेछ ।

(४) गाउँपालिकाको स्वास्थ्य व्यवस्थापन समितिले गाउँपालिका स्तरमा केहि औषधि तथा उपकरणहरु जगेडाको (Buffer Stock) रुपमा राख्नेछ र आवश्यक परेको अवस्थामा प्रयोगमा ल्याउनेछ ।

### ३१. सूर्ती, मदिरा तथा सुर्तीजन्य पदार्थको नियमन :

(१) सुर्ती तथा मदिराजन्य पदार्थ बिक्री वितरणको लागि गाउँपालिकाबाट छुट्टै अनुमती लिनु पर्नेछ ।

(२) खाद्य पदार्थ बिक्रि गर्ने पसलमा सुर्ती तथा मदिराजन्य पदार्थ बिक्रि वितरण गर्न बन्देज लगाइने छ ।

(३) सुर्ती, मदिरा र लागू पदार्थजन्य वस्तुको बिक्री वितरण र प्रयोगमा नियन्त्रण गर्न निषेधित र खुल्ला क्षेत्रहरु तोक्नेछ । विद्यालय, सरकारी कार्यालय, हाटबजार जस्ता क्षेत्रहरुको निश्चित दुरी (१०० मि.) धुम्रपान र मदिरापान निषेध गर्नेछ ।

(४) खाद्य पदार्थसँगै सुर्ती तथा मदिराजन्य पदार्थ बिक्रि वितरण गरेमा, निषेधित क्षेत्रमा धुम्रपान र मदिरा सेवन गरेको पाईएमा स्थानीय प्रशासनको सहयोगमा गाउँपालिकाले प्रचलित कानुन बमोजिम कारवाही गर्न सक्नेछ ।

(५) मध्यपानको नियमन, नियन्त्रण तथा निर्देशन गर्नका लागि गाउँपालिकाको स्वास्थ्य व्यवस्थापन समितिले मदिरा नियन्त्रण तथा नियमन गर्नेछ । यसरी नियमन, नियन्त्रण तथा निर्देशन गर्दा नियम अनुसार नपाईएमा उक्त

समितिले प्रचलित कानुन बमोजिम सामाजिक बिकास समिति मार्फत गाउँकार्यपालिकामा कारवाहिको सिफरिस गर्न सक्नेछ ।

**३२. सरसफाई सम्बन्धि कार्यक्रम तथा फोहोर मैला व्यवस्थापन :**

(१) गाउँपालिकाको स्वास्थ्य सेवा संञ्चालन तथा व्यवस्थापन समितिले व्यक्तिगत, घरेलु तथा सामुदायिक सरसफाईको संघिय मापदण्ड अनुसार स्थानिय स्वास्थ्य संस्था संञ्चालन तथा व्यवस्थापन समितिबाट स्वास्थ्य संस्थाले पुरुष अभियानकर्ता र महिला स्वयंसेविकाहरु परिचालन गरि सबै घरपरिवारसम्म सोहि अनुरुप काम गर्नेछन् ।

(२) घर निर्माण गर्दा शौचालयको फोहर व्यवस्थापन गर्ने बैज्ञानिक बिधि र घरेलु फोहर बिसर्जन गर्ने स्थानको अनिवार्य ब्यवस्था भएको हुनुपर्ने छ ।

(३) एक परिवार एक शौचालय, ढल र फोहरमैला व्यवस्थित नभएको कारण अर्को परिवारमा हानी नोक्सानी पर्न गएमा सो को क्षतिपूर्ति हानी पुऱ्याउने परिवारले तिर्नुपर्ने छ ।

(४) गाउपालिकाले गाउपालिकास्तरमा स्वास्थ्य व्यवस्थापन समितीको सिफारिस र सहकार्यमा स्वास्थ्य र सरसफाई सम्बन्धि व्यवहारहरु जस्तैः साबुनपानीले हात धुने, नियमित चर्पि प्रयोग गर्ने र शुद्ध पानी पिउने बारे व्यवहार परिवर्तनका क्रियाकलापहरु संचालन गर्नेछ ।

## परिच्छेद - ७
## विविध

**३३. प्राईभेट मेडिकल कलेज, अध्ययन संस्थान र ठूला अस्पताल संञ्चालनका लागि सिफारिस :**

(१) राष्ट्रिय र प्रादेशिक मापदण्ड अनुरुप निजीस्तरमा मेडिकल कलेज तथा स्वास्थ्य अध्ययन संस्थान, अस्पताल वा निदान केन्द स्थापनाका लागि सम्वन्धित वडा र गाउँपालिकाबाट सिफरिश लिनुपर्नेछ ।

(२) उपदाफा (१) बमोजिमको सिफारिस लिँदा वातावरणीय प्रभाव अध्ययन गरी स्थानीय स्तरमा पर्ने नकारात्मक प्रभावहरुको न्यूनिकरणका लागि कार्यक्रम र वजेट प्रस्ताव गरिएको हुनुपर्नेछ ।

(३) सिफारिसका लागि गाउँपालिकाको आर्थिक ऐनले तोके बमोजिमको राजश्व दस्तुर बुझाउनु पर्नेछ ।

**३४. राष्ट्रिय तथा प्रादेशिक अभियानलाई सघाउ पुऱ्याउनु पर्ने :** स्वास्थ्य सेवा सम्बन्धी राष्ट्रिय तथा अन्तराष्ट्रिय मापदण्ड पुरा गर्न संघीय तथा प्रदेश सरकारले संचालन गरेको अभियानलाई गाउँपालिका स्वास्थ्य तथा सरसफाई शाखाले गाउँपालिकाको स्वास्थ्य व्यवस्थापन समिति मार्फत समन्वय गर्नेछ ।

**३५.** आमा समूह, महिला स्वास्थ्य स्वंय सेबिका, धामी झाक्री र आम्ची सेवाको अभिलेख अद्यावधिक गरी तिनीहरुको क्रियाकलापलाई स्वास्थ्य तथा सरसफाई शाखाले अनुगमन र नियमन गर्नेछ ।

**३७.** गाउँपालिका क्षेत्र भित्र कार्यरत स्वास्थ्य र सरसफाई सम्बन्धी काम गर्ने संस्थाहरुले आफ्नो प्रगति विवरण र सेवा सम्बन्धि प्रतिबेदन मासिक रुपमा स्थानिय स्वास्थ्य संस्था मार्फत गाउँपालिका समक्ष बुझाउनु पर्नेछ । यसरी प्रतिबेदन गर्दा स्वास्थ्य संस्थाले प्रयोग गर्ने मासिक प्रतिबेदन फारम (HMIS 9.3) बाट गनुर्पेछ ।

**३६.** गाउँपालिकाले आधारभूत स्वास्थ्य तथा सरसफाई सेवा प्रदान गर्नका लागि अन्य सरकारी निकाय, निजी ब्यवसायी, सामाजिक संघ/संस्था, ट्रष्ट र ब्यक्तिहरुसँग बिभिन्न कार्यहरुका लागि साझेदारी गर्न सक्ने छ र तिनीहरुबाट औषधी, उपकरण, विशेषज्ञ सीपहरुको सहायता प्राप्त गर्न सक्नेछ ।

**३७. पुनरावेदन :** तोकिएको अधिकारीले गरेको सजायको आदेशउपर कानून वमोजिम पुनरावेदन लाग्नेछ ।

**३८. नियम बनाउने अधिकार :**

(१) यस ऐनको उद्देश्य कार्यान्वयन गर्न गाउँ कार्यपालिकाले आवश्यक नियम बनाउन सक्नेछ ।

(२) यस ऐनको कार्यान्वयनको लागि गाउँ कार्यपालिकाले आवश्यक निर्देशिका बनाई लागू गर्न सक्नेछ ।

**३९. संक्रमणकालीन व्यवस्था :** यस ऐनले तोकिए बमोजिम हुने भनी व्यवस्था गरेको काम नियमावली नआउँदासम्म गाउँ कार्यपालिकाले गर्न सक्नेछ ।

**४०. बाधा अडकाउ फुकाउने अधिकार :** यस ऐनको उद्देश्य कार्यान्वयन गर्न कुनै बाधा-अड्काउ परेमा गाउँपालिकाले त्यस्तो बाधा अड्काउ हटाउन आदेश जारी गर्न सक्नेछ र त्यस्तो आदेश यसै ऐनमा परे सरह मानिनेछ । तर यस्तो आदेश गाउँकार्यपालिकाले ६ महिना भित्रमा अनुमोदन नगरेमा स्वत निष्कृय हुनेछ ।

**४१. बचाउ र लागू नहुने :**

(१) यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियममा लेखिए जति कुरामा सोही बमोजिम र नलेखिएको कुरामा प्रचलित कानुन बमोजिम हुनेछ ।

(३) संविधानसँग बाझिएको यस ऐनका दफा तथा उपदफाहरु बाझिएको हदसम्म स्वतः निस्क्रीय हुनेछ ।